सिद्धार्थनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सिद्धार्थनगर, रुपन्देही

सिद्धार्थनगर नगरपालिकाको स्वामित्वमा रहेका सटर तथा कोठा बहालमा दिने प्रस्ताव आव्हान सम्बन्धी सूचना

प्रकाशित मितिः २०८३/०८/०३ गते

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सिद्धार्थनगर नगरपालिकाको आर्थिक ऐन, २०८३ तथा आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धि कार्यविधि, २०७८ (प्रथम संशोधन समेत) बमोजिम सिद्धार्थनगर नगरपालिकाको स्वामित्वमा रहेका निम्न भवन संरचनामा रहेका सटर तथा कोठाहरु आगामी ३ वर्षको लागि बढाबढाट बहालमा लगाउनु पर्ने भएकोले इच्छुक व्यक्ति तथा फर्मले निम्न शर्तको अधिनमा रही ७ दिनभित्र शिलबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

आय ठेक्का नं.: SNP/IR/SP/01/083/84

सि.नं.	सटर/कोठा नं. को विवरण	प्रति सटर न्यूनतम मासिक बहाल दर	कैफियत
सिद्धार्थनगर वडा नं. ३ स्थित सिद्धार्थ बसपार्क भित्रका सटरहरू			
१	टर्मिनल भवनको बाहिर सटर नं. २	रु. ७,०००/-	
२	टर्मिनल भवनको बाहिर सटर नं. ३	रु. ७,१००/-	
३	टर्मिनल भवनको बाहिर सटर नं. ११	रु. ७,०००/-	
सिद्धार्थनगर वडा नं. ५ स्थित नगर कार्यपालिकाको कार्यालय अगाडी रहेका सटरहरू			
४	सटर कोठा नं. ४	१२५००/-	
५	सटर कोठा नं. ६	१२५००/-	
सिद्धार्थनगर वडा नं. ५ हाटबजार स्थित वडा कार्यालय भवनको भुईंतलामा रहेका सटर			
६	पुरानो भवनको भुई पश्चिम कोठा नं. ११	७७००/-	

शर्तहरुः-

१. प्रति प्रस्तावपत्र दस्तुर वापत रु. १०००/- (पछि फिर्ता नहुने गरी) यस कार्यालयको राजश्व प्रशासन शाखामा बुझाई व्यक्ति भए नागरिकता प्रमाणपत्र प्रतिलिपि र फर्म भए फर्मको ईजाजतपत्र, करचुक्ता, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र संलग्न राखि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयमा सटर/कोठा अनुसारको प्रस्ताव फारम बेग्ला-बेग्लै खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका प्रस्ताव फारम ८औं दिन दिउसो १२.०० बजेसम्म शिलबन्दी गरी दर्ता गरीसक्नु पर्नेछ । दर्ता भएको प्रस्तावहरु सोही दिनको १.०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि प्रस्ताव खोल्न कुनै बाधा पर्नेछैन । प्रस्ताव खरिद, दाखिला वा खोल्ने दिन बिदा परेमा क्रमशः सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन माथि उल्लिखित समयमा खरिद, दाखिला तथा खोल्ने कार्य हुनेछ ।

३. प्रस्तावदाताले तोकिएको दस्तुर बुझाई एक वा एक भन्दा बढी सटर/कोठाहरु बहालमा लिन प्रस्ताव पेश गर्न सक्नेछ । प्रत्येक सटरको लागी बेग्ला-बेग्लै प्रस्ताव फारम पेश गर्नु पर्नेछ । प्रत्येक सटर/कोठामा बढाबढमा सबै भन्दा बढी कबोल गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ ।

४. प्रस्तावपत्र पेश गर्दा कबोल गर्ने कुल रकमको ५ (पाच) प्रतिशतले हुन आउने रकम धरौटी वापत यस कार्यालयको कृषि विकास बैंक लि. शाखा कार्यालय सिद्धार्थनगर स्थित धरौटी खाता नं. (ग-३) ०४-१४६-०११४५६३४-०३-८ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नगद वा मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको बिडबण्ड (धितो जमानत पत्र) पेश गर्नु पर्नेछ ।

५. बहाल सम्बन्धी विस्तृत सूचना कार्यालयको वेवसाईट siddharthanagarmun.gov.np मा प्रकाशन गरिएको छ । थप जानकारीको लागि नगरपालिकाको वेभसाईट, कार्यालयको सूचनापाटी वा कार्यालय समयभित्र राजश्व प्रशासन शाखाबाट विस्तृत जानकारी लिन सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत